हरित नगर समृद दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/७८
च.नं. ३५२४

## बोलपत्र आव्हानको सूचना

### बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति २०७७/०९/१७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ मा व्यवस्था भए बमोजिम दमक नगरपालिका, उर्लावारी नगरपालिका, मिक्लाजुङ्ग गाउँपालिका र कमल गाउँपालिकाको मिति २०७७/०९/१२ गते बसेको पालिका स्तरीय संयुक्त बैठकवाट भएको निर्णयानुसार आ.व. २०७७/०७८ मा स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरे बमोजिम देहायका ठेक्काहरु बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, निर्माण व्यवशायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र रितपूर्वक रतुवा र मावा खोलावाट संकलन हुने नदीजन्य सामाग्रीको संकलन, घाटगद्धी एवंक बिक्रीका लागि छुट्टाछुट्टै वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।

| | |
|---|---|
| ठेक्का नं. : DMO/JHAPA/RIVER/RWTA/21/077/78 | ठेक्का नं. : DMO/JHAPA/RIVER/MWA/22/077/78 |
| ठेक्काको विवरण : दमक नगरपालिका र कमल गाउँपालिकाको सिमानामा वहने रतुवा खोलावाट स्वीकृत IEE अनुसार निकालिने नदी जन्य सामाग्री संकलन, घाटगद्दी एवं विक्री मुल्य कर । | ठेक्काको विवरण : दमक र उर्लावारी नगरपालिका, मिक्लाजुङ गाउँपालिकाको सिमानामा वहने मावा खोलाहरुवाट स्वीकृत IEE अनुसार निकालिने नदी जन्य सामाग्री संकलन, घाटगद्दी एवं विक्री मुल्य कर । |
| न्यूनतम ठेक्का अंक : रु.१,३४,१७,६०४/- (मु.अ.कर वाहेक) | न्यूनतम ठेक्का अंक : रु.१,७२,१५,९५४/- (मु.अ.कर वाहेक) |
| अवधि : मिति २०७७ फागुन १ गते देखि २०७८ जेठ मसान्तसम्म | अवधि : मिति २०७७ फागुन १ गते देखि २०७८ जेठ मसान्तसम्म |
| वोलपत्र दस्तुर : रु. ३,०००/- (तीन हजार) मात्र । | वोलपत्र दस्तुर : रु. ३,०००/- (तीन हजार) मात्र । |
| वोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७७ माघ १७ गतेसम्म । | वोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७७ माघ १७ गतेसम्म । |
| वोलपत्र दाखिला गर्ने अन्तिम -<br>मिति - वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट<br>समय - अपरान्ह १२:०० बजेसम्म । | वोलपत्र दाखिला गर्ने अन्तिम -<br>मिति - वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट<br>समय - अपरान्ह १२:०० बजेसम्म । |
| वोलपत्र खोलिने -<br>मिति - वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट<br>समय - अपरान्ह २:०० बजे । | वोलपत्र खोलिने -<br>मिति - वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट<br>समय - अपरान्ह २:०० बजे । |
| धरौटी रकम : कवोल अंकको ५% प्रतिशत | धरौटी रकम : कवोल अंकको ५% प्रतिशत |

शर्तहरु

१) बोलपत्र खरिद गर्न ईच्छुक वोलपत्रदाताले तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर रा.बा.बैक दमक स्थित यस नगरपालिकाको हि.नं. २१४०१००३०१०१०००२ को यस नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

हरित नगर समृद्द दमक

दमक नगरपालिका

# नगरकार्यपालिका को कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/७८

च.नं.

२) खरिद भएका वोलपत्र मिति २०७७।१०।१७ गते दिन दिनको १२:०० बजे भित्र ई–विडिङ मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्नु पर्नेछ। कुनै बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा ई. विडिङ (विद्युतिय प्रणाली) कै प्रकृया बमोजिम फिर्ता वा संशोधन गर्नुपर्नेछ।

३) कार्यालयवाट बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र तोकिएको बोलपत्र दस्तुरको बैक भौचर र ई-विडीङ बमोजिमका कागजातहरु उल्लेखित समय भित्र पेश गर्नु पर्नेछ।

४) माथि उल्लेखित भए अनुसार पेश भै अधिकतम अंक कबोल भएको बोलपत्र स्वीकृत भए पश्चात सम्झौताका बखत सम्वन्धित ठेकेदारले मुल्य अभिवृद्धि कर सहितको रकम दमक नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गर्नु पर्नेछ।

५) समय भित्र पेश भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही बाट ई-विडिङ मार्फत पेश गर्नु पर्नेछ।

७) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा. वा. बैंक दमक स्थित हि.नं.२१४०१००३०३००००००२ को धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० (एक सय वीस) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडी धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट गरेमा वा टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ।

९) वोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मुनासिव कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०) ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा बढीमा १०% प्रतिशत सम्म छुट दिन सकिनेछ। वरावर अंक कबोल भई किस्ता वन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिने गरी दमक नगरपालिकाले निर्णय गर्नेछ। छुट रकम लिने प्रयोजनका लागि नगरपालिकाले सम्झौता गर्नु अघि एकमुष्ट रकम र सो मा लाग्ने मुल्य अभिवृद्धि कर बुझाएको हुनेछ।

११) किस्तावन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मु.अ.कर सहित २ (दुई) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। त्यसपछिको बाकी किस्ताको रकम २०७८ सालको बैसाख १५ गते भित्र बुझाउनु पर्नेछ। साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा अन्तिम किस्ताको रकम बरावरको जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट २०७८ असार मसान्तसम्म अवधि भएको बैक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ।

१२) किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ। म्याद भित्र नबुझाएमा दमक नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ।

गणेशप्रसाद तिम्सिना

प्रमुख प्रशासकीय अधिकृत

हरित नगर समृद्ध दमक
दमक नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

प.स. २०७७/७८
च.नं.

१३) नियमानुसार ठेक्काको किस्ता रकम र बैक ग्यारेन्टी वुझाए पश्चात ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ । ठेक्का रकम एकमुष्ठ नबुझाई किस्तामा बुझाउने ठेकेदारले बांकी रकमको बैंक ग्यारेण्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अंक चुक्ता हुने गरीको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१४) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्वन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

१५) दमक नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म यस वोलपत्र प्रकृयामा सहभागी गराईने छैन, तथापि निजको वोलपत्र पेश गरेमा स्वीकृत गरिने छैन ।

१६) ठेक्का अवधि भर ठेकेदारले आफुखुशी ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजवाट असुल हुन वांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि यसरी ठेक्का तोड्ने ठेकेदारबाटै सरकारी बांकी सरह असुल गरिनेछ ।

१७) ठेक्का अवधिका सम्वन्धमा संकलन तथा विक्री वितरण २०७७ फागुन १ देखि २०७८ जेठ मसान्तसम्मको हुनेछ ।

१८) विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट मात्र संकलन, उत्खनन गर्ने तथा दमक नगरपालिकाको स्वीकृती लिई उपयुक्त स्थानमा मात्र हेभी मेसिनरी उपकरण जस्तै स्क्याभेटर, व्याकहोलोडर आदि प्रयोग गरी स्वीकृत IEE प्रतिवेदन र नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोके भन्दा गहिरो नहुने गरी सो भित्रबाट मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ ।

१९) महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ ।

२०) खोलावाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का संचालन गर्दा कुनै बाधा अवरोध आईपरेमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नु पर्नेछ । यसमा नगरपालिकाले आवश्यक सहजिकरण गर्नेछ ।

२१) कुनै कारणवस कर संकलन गर्न वाधा परेको कारण देखाई ठेकेदारले कुनै पनि छुट वा मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय वाँध्य हुने छैन ।

२२) निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमीत रही निर्माण सामाग्री निकाल्नु पर्नेछ ।

२३) तोकिएको परिमाण तथा नांका भन्दा वाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन ।

२४) निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि वेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

२५) निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रण का लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ । यस किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन ।

२६) नदिजन्य समाग्री उत्खननका लागि हेभि मेशिनरी उपकरण प्रयोग गर्ने सम्वन्धमा नगरपालिकाले तोकि दिएको स्थान, संख्या र बिन्दुमा मात्र प्रयोग गर्न पाईने छ । तर मावा खोलाको हकमा हेभि मेसिन प्रयोग गर्न अनुमति दिईने छैन ।

२७) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा उत्खनन् गरिने परिमाण निम्नानुसार हुनेछ ।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

प.स. २०७७/७८
च.नं.

२८) कुनै पनि कर शुल्क वा बिक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२९) ठेकेदारले नदी जन्य सामाग्रीको स्टक राख्नु पर्ने भएमा दमक नगरपालिकालाई पूर्व जानकारी गराई सम्वन्धित पालिकावाट ईजाजत लिई खोला किनारवाट ५०० मिटरको दुरीमा राख्न सकिनेछ ।

३०) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ ।

३१) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

३२) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

३३) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।

३४) अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

३५) IEE प्रतिवेदनले तोकेको स्थान/नांकाबाट तोकेको परिमाणमा मात्र संकलन गर्न पाईनेछ । यसरी संकलन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । संकलन गरि सकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ । यसरी संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले वेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

३६) यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

३७) संकलन गरिने सामाग्रीको प्रदेश सरकारले तोके बमोजिमको दररेट सहितको नगदी रसिद ठेकेदार स्वयंले छपाई सो को बिवरण नगरपालिकामा पेश गरी रसिदहरु छाप लगाएर मात्रै जारी गर्नु पर्नेछ ।

३८) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

३९) ठेक्का सम्वन्धमा थप बुझ्नु परेमा कार्यालय समयमा दमक नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ ।

............................
प्रमुख प्रशासकिय अधिकृत
२०७७।३।१६

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/७८

च.नं.

(क) रतुवा खोला प्याकेज नं. १

| | |
|---|---|
| • बालुवाटार क्षेत्र दमक ८ र कमल ५ बाट | ७५०० घ.मि. |
| • सयपत्री टोल दमक ७ र कमल ५ बाट | ६००० घ.मि. |
| • सिरुपाली दमक १, ७ र कमल ५ | ७५०० घ.मि. |
| • हिमालय बन क्षेत्र दमक १ र कमल ५ बाट | ९००० घ.मि. |
| • बुद्धचौक/साकिलाथान रतुवा पुल ५०० मिटर दक्षिण | ४००० घ.मि. |
| जम्मा | ३४००० घ.मि. |

(ख) रतुवा खोला प्याकेज नं. २

| | |
|---|---|
| • नया रतुवा पुल ५०० मिटर उत्तर दमक २, कमल ५ | १७५०० घ.मि. |
| • रवि बसपार्क पूर्व दक्षिण दमक २, कमल ५ | ८००० घ.मि. |
| जम्मा | २५५०० घ.मि. |

(ग) रतुवा खोला प्याकेज नं. ३

| | |
|---|---|
| • झोलुङ्गे पुल ५०० मिटर उत्तर दमक २ | ५६२५ घ.मि. |
| • उत्तम चौक पूर्व दक्षिण दमक २ | १७२५० घ.मि. |
| जम्मा | २२८७५ घ.मि. |

**रतुवा खोलाको सबै प्याकेजको जम्मा ८२,३७५ घ.मि.**

(क) मावा खोला प्याकेज नं. १

| | |
|---|---|
| • प्रतिभा टोल दमक ४ र उर्लाबारी ७ बाट | २००० घ.मि. |
| • प्रतिभा टोल (ढिस्को) दमक ४ र उर्लाबारी ८ बाट | २४०० घ.मि. |
| • जीवन बचाउ केन्द्र उत्तर र दक्षिण दमक ४ र उर्लाबारी ७ | ३७५० घ.मि. |
| • ताराबारी डिपु दमक ४ र उर्लाबारी ८ | १०००० घ.मि. |
| • माथिल्लो ताराबारी दमक ३, उर्लाबारी ६ | ६००० घ.मि. |
| • ताराबारी गैरीगाँउ, दमक ३, उर्लाबारी ६ | ३७५० घ.मि. |
| • दोघरे, दमक ३, उर्लाबारी ६ | ६००० घ.मि. |
| जम्मा | ३३९०० घ.मि. |

(ख) मावा खोला प्याकेज नं. २

| | |
|---|---|
| • दोघरे। टप्पु (बालुवा प्रशोधन दक्षिण) दमक ३, उर्लाबारी ६ | ३३७० घ.मि. |
| • बालुवा प्रशोधन उत्तर दमक ३, उर्लाबारी १ | ३८५२ घ.मि. |
| • मेची कृषि सहकारी क्षेत्र दमक ३, उर्लाबारी १ | ४३३३ घ.मि. |
| • गोलाटार दमक ३, मिक्लाजुङ ९ | ४८१५ घ.मि. |
| • पानीघट्टा दमक ३, मिक्लाजुङ ९ | ४८१५ घ.मि. |
| • मावा पुल ५०० मि. उत्तर दमक ३, मिक्लाजुङ ९ | ८६६७ घ.मि. |
| जम्मा | २९८५२ घ.मि. |

(ग) मावा खोला प्याकेज नं. ३

| | |
|---|---|
| • दुम्से खण्ड १ दमक ३ र मिक्लाजुङ ९ | ७००० घ.मि. |
| • दुम्से खण्ड २ दमक ३ र मिक्लाजुङ ९ | १३००० घ.मि. |
| • दुधे दमक ३ र मिक्लाजुङ ८ र ९ | ४५०० घ.मि. |
| • दुधे दक्षिण दमक ३ र मिक्लाजुङ ८ | ६००० घ.मि. |
| • दुधे दमक ३ र मिक्लाजुङ ८ | ४५०० घ.मि. |
| जम्मा | ३५००० घ.मि. |

**मावा खोलाको सबै प्याकेजको जम्मा ९८,८५२ घ.मि.**